सम्पर्क नं. - ०२१-४१४०५१
०२१-४१४०५२

# रतुवामाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सिजुवा, मोरंग

प्रदेश-१, नेपाल

प.सं. – २०७५/०७६
च.नं. -१८३५

मिति: २०७५/१२/०४

श्री कृषि विकास बैंक,रतुवामाई-४,
श्री सप्तकोशी विकास बैंक,रतुवामाई-६,
श्री मेगा बैंक लिमिटेड, रतुवामाई-७,
श्री राष्ट्रिय बाणिज्य बैंक, रतुवामाई-७,
श्री मितेरी डेभलप्मेन्ट बैंक लि., रतुवामाई-८,
श्री नेपाल इन्भेस्टमेन्ट बैंक लि., रतुवामाई-९,
रतुवामाई नगरपालिका,मोरंग।

**विषय:शुन्य मौज्दातमा खाता खोलिदिने सम्वन्धमा।**

प्रस्तुत विषयमा यस चालु आ.व. २०७५/७६ को दोश्रो तथा तेश्रो सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रयोजनार्थ, सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ ले लिएको उदेश्य अनुरुप सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रममा प्रभावकारिता, सुशासन, नियमन, सरलीकरण, पारदर्शिता, व्यवस्थापनको साथै सूचना प्रविधिको प्रयोग मार्फत भत्ता वितरण प्रकृयामा बैंकिङ क्षेत्रको समेत संलग्नता अभिवृद्धि गर्दै स्थानीय तहको भूमिका स्पष्ट पार्ने र सामाजिक सुरक्षा कार्यक्रमलाई लक्षित समुह उन्मुख गरि समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्ने गरि भत्ता वितरण प्रणालीलाई थप व्यवस्थित तुल्याउन बैंकिङ क्षेत्रको महत्वपूर्ण तथा विश्वसनिय भूमीका रहने हुनाले यस रतुवामाई नगरपालिका क्षेत्रको सम्पूर्ण १ देखि १० नम्बर वडाहरुमा भत्ता वितरण गर्ने उदेश्यनुरुप शुन्य मौज्दात (ZERO BALANCE) मा लाभग्राहीहरुको खाता खोलि बैंकिङ खाता मार्फत मात्र भत्ता वितरण हुने गरि आवश्यक व्यवस्था मिलाईदिनुहुन अनुरोध छ। साथै कोष तथा लेखा नियन्त्रक कार्यालय, मोरंग मार्फत सोझै बैंकलाई खिँचिएको सामाजिक सुरक्षा भत्ता चेक रकम,सो बैंकमा खाता रहेको लाभग्राही बैंकको सम्पर्कमा आएपछि मात्र व्यक्तिको खातामा रकम निकासा हुने, अन्यथा मौज्दात रहेको सुरक्षा भत्ता रकम बैंकमा नै रही आ.व. को अन्त्य अर्थात् असार मसान्तमा बैंक मार्फत नै सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता हुने हुनाले सुरक्षा भत्ता वितरण कार्यलाई प्रभावकारी एवं लक्ष्य उन्मुख बनाउन बैंकिङ क्षेत्रको साथ र सहयोगलाई आत्मसाथ गर्दै आवश्यक सहयोगको लागि यसै पत्रसाथ अनुरोध गरिन्छ।

.............................
समग्र पोखे्रल
लेखापाल

.............................
मदन घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

मदन घिमिरे
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ
श्री सबै वडा कार्यालयहरु, रतुवामाई नगरपालिका, मोरंग।